# न्यूनतम साझा कार्यक्रम

## बागमती प्रदेश सरकार

प्रस्तावना

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि सात दशक भन्दा लामो लोकतान्त्रिक सङ्घर्षको विभिन्न कालखण्डमा गौरवपूर्ण सहादत प्राप्त गर्नुभएका प्रातः स्मरणीय योद्धाहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै राष्ट्रियताको संवर्द्धन, संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, राजनीतिक स्थायित्व, सुशासन, विकास र संमृद्धिका जनचाहना एवं सुखी नेपाली, संमृद्ध नेपालको आकांक्षा पूरा गर्ने सङ्कल्प गर्दै नेपालको संविधान , प्रचलित कानून र नियमहरु, प्रदेशसभा र प्रदेशसभा सदस्यहरुको सुझाव तथा नीतिगत मार्गदर्शन, सरकारमा सहभागी दलहरुका घोषणा पत्रमा उल्लिखित साझा विषयहरुलाई सरकार सञ्चालनको मुख्य आधार बनाउने प्रतिवद्धता व्यक्त गर्दै सरकारमा सहभागी हामी नेपाली कांग्रेस र नेकपा(एमाले) देहाय बमोजिमका नीतिगत प्राथमिकता र न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्दछौं ।

१) तीनै तहका सरकारहरुका बीचको अन्तरसम्बन्ध, सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित सबैधानिक व्यवस्थाको पूर्ण पालना गरिने छ ।

२) राष्ट्रिय हीतको रक्षा र प्रदेशबासीहरुको संमृद्धिका लागि भ्रष्टाचारको अन्त्यगरी सुशासन कायम गर्न भ्रष्टाचारप्रति शून्य सहनशीलता अपनाइनेछ ।

३) नेपालको संविधान २०७२ लागु भए पश्चात अभ्यासको क्रममा देखापरेको सवल पक्ष र दुर्बल पक्षहरुको समिक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन गर्न र तदअनुकूलको कानुन निर्माण गर्न संघीय सरकारलाई सहयोग गर्ने ।

४) संविधानको सर्वोच्चता , कानूनी राज्य र सुशासनको प्रत्याभूति दिलाउनेगरी सरकार सञ्चालन गर्ने ।

५) संघीय सरकारसँगको समन्वयमा प्रदेश प्रहरी स्थापना गर्ने ।

६) प्रदेश सरकारका मन्त्रालयहरुका प्रदेश सचिवहरु र स्थानीय तहका प्रशासकीय अधिकृतहरु प्रदेश सरकारले खटाउने व्यवस्थासहित प्रदेश निजामती सेवा ऐन र स्थानीय निकाय सञ्चालन ऐनको आवश्यक संशोधन र परिमार्जन गरिनेछ ।

७) प्रदेश सरकारका विभिन्न निकाय तथा कार्यालयहरुबाट प्रवाह हुने सेवालाई छिटो, छरितो, भरपर्दो तथा प्रविधिमैत्री बनाई सेवा प्रवाह प्रभावकारी बनाइनेछ । र फजुलखर्च कटौती गरी आर्थिक अनुशासनलाई कडाइका साथ पालना गरिनेछ ।

८) संघीयताको प्रभावकारी कार्यान्वयन, स्थायित्व, विकास र सवलीकरणका लागि संघीय सरकारसँग कार्य विस्तृतीकरणको काम सिघ्र सम्पन्न गर्न सहकार्य र समन्वय गरिने छ ।

९) प्रदेश सरकार, संघीय सरकार प्रति परनिर्भर नभई आत्मनिर्भर र स्वायत्त रुपमा कार्य गर्न अत्यावश्यक कानूनहरु निर्माण गर्ने, योजना तर्जुमा, प्रदेशको बोझिलो संरचनाहरुको अडिट गरी चुस्त र व्यवस्थित बनाउने, भ्रष्टाचार शून्य प्रदेशको पहिचान बनाउन भ्रष्टाचार नियन्त्रणलाई कडाई गर्ने, बेरुजुलाई नियन्त्रण र न्यूनीकरण गर्ने, पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासमा जोड दिइनेछ ।

१०) राजनीतिक नियुक्त गर्दा व्यक्तिको क्षमता, योग्यता, विज्ञता र संवन्धित क्षेत्रमा गरेको योगदानका आधारमा निश्चित मापदण्ड बनाइ व्यवस्थित गरिनेछ ।

११) बाढी, पहिरो, आगलागी तथा अन्य प्राकृतिक विपदमा परेका नागरिकहरुको उद्धार, राहत तथा पुनः स्थापना कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाइनेछ ।

१२) भौगोलिक विकटता र पीछडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकता दिइ सन्तुलित, वातावरणमैत्री, गुणस्तरीय तथा दीगो विकासको अवधारणालाई आत्मसात गरी आवश्यक कार्यक्रम ल्याइनेछ ।

१३) आधारभूत तथा माध्यमिक तहको शिक्षा स्थानीय तहको क्षेत्रभित्र पर्ने भएतापनि सार्वजनिक विद्यालयहरुमा प्रदेश सरकारको ठूलो रकम अनुदान गइरहेको परिप्रेक्षमा लगानी अनुसारको प्रतिफल प्राप्त हुन सकिरहेको छैन । धेरै

विद्यालयमा विद्यार्थी संख्याको अभाव र दरवन्दी मिलान गर्न स्थानीय तहसँगको सहकार्य र समन्वयमा सार्वजनिक विद्यालय गाभ्ने कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।

१४) तीनवर्ष मुनिका बालबालिका र ७५ वर्ष माथिका जेष्ठ नागरिकहरुलाई स्वास्थ्य उपचार निशुल्क गर्ने नीति लिइनेछ ।

१५) भौतिक पूर्वाधार विकासका योजनाहरुको छनौट, कार्यान्वयन र अनुगमनको व्यवस्थित र वैज्ञानिक मापदण्ड तर्जुमा गरिनेछ ।

१६) योजना तर्जुमा प्रणालीमा देखिएको दोहोरो, तेहोरोपना हटाउन संघीय र स्थानीय तहसँग समन्वयगरी योजना छनौट गर्ने परिपाटी मिलाइनेछ । यसको लागि प्रदेश नीति तथा योजना आयोग मातहत बागमती प्रदेश योजना बैंक स्थापना गरिनेछ ।

१७) प्रदेश निर्वाचन क्षेत्रमा योजना तर्जुमा गर्न निर्वाचित प्रदेश सभा सदस्यको संयोजकत्वमा सम्बन्धित क्षेत्रका प्रदेशसभा सदस्यहरु , स्थानीय तहका प्रमुख, उपप्रमुख तथा प्रदेश सरकारका विकाससँग जोडिएका कार्यालय प्रमुखहरु रहेको निर्वाचन क्षेत्र स्तरीय योजना तर्जुमा तथा अनुगमन , निरीक्षण समिति बनाई त्यसमार्फत योजना तर्जुमा गरी प्रदेश सरकार समक्ष पठाउने व्यवस्था गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ । साथै सोही समितिद्वारा सम्बन्धित क्षेत्रका योजनाहरुको अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

१८) प्रदेशको पहिचानको रुपमा विख्यात, जीवन्त मूर्त-अमूर्त संस्कृति र सम्पदाको संरक्षण गर्ने नीतिलाई प्राथमिकता दिइनेछ ।

१९) बागमती प्रदेशको आर्थिक मेरुदण्डको रुपमा रहेको हस्तकलालाई उद्योगको रुपमा विकास गर्न आवश्यक नीति अवलम्वन गरी प्रदेशसभामा विचाराधीन हस्तकलाग्राम स्थापना सम्बन्धी विधेयकलाई यसै अधिवेशनमार्फत पारित गर्ने र हस्तकलाको ऐतिहासिक परम्परा र दुरगामी महत्वलाई मध्यनजर गरी सम्भाव्यताको आधारमा कलानगरी ललितपुर महानगरलाई हस्तकलाको राजधानी घोषणा गर्ने कार्यक्रम गरिनेछ ।

२०) बागमती प्रदेश भित्र रहेका विगतमा सञ्चालित रुग्ण उद्योगहरुको प्राविधिक र आर्थिक सम्भाव्यताको आधारमा पुनः सञ्चालन गर्न संघीय सरकारसँग आवश्यक पहल र समन्वय गरिनेछ ।

२१) नवप्रवर्तन, लघु तथा घरेलु उद्योगहरुका लागि प्रदेश सरकारले छुट्टै कोष स्थापना गरी विनाधितो कर्जा प्रवाह गर्ने योजना ल्याइनेछ ।

२२) एक प्रदेश निर्वाचन क्षेत्र, एक स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्योग स्थापना गर्ने बागमती प्रदेश सरकारको प्राथमिकता अन्तर्गत हरेक निर्वाचन क्षेत्रमा स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित फरक फरक वस्तु उत्पादन गर्नेगरी उद्योग स्थापना गरी रोजगार सिर्जना गर्ने उद्देश्यका साथ यसै आ.व. बाट सम्भाव्यता अध्ययनको काम प्रारम्भ गरिनेछ ।

२३) सरकारी , निजी तथा सहकारी क्षेत्रको सहकार्यका आधारमा लगानीमैत्री वातावरण निर्माण गरी स्वदेशी तथा विदेशी लगानी आकर्षित गरिनेछ ।

२४) सम्भाव्यता र उपादेयता भएका ठाउँहरुमा यातायात र पर्यटनका लागि केबलकार निर्माणलाई प्रोत्साहित गरिनेछ ।

२५) लामो समयदेखि सञ्चालनमा आउन नसकेको हेटौंडा-टेकु- रज्जुमार्ग(रोप वे) लाई संघीय सरकारसँगको सहकार्य र समन्वयमा पुनः सञ्चालनमा ल्याइने वातावरण निर्माण गरिनेछ ।

२६) बागमती प्रदेशलाई प्रविधिमा आधारित पर्यटन र साहसिक पर्यटनका लागि अन्तर्राष्ट्रिय गन्तव्य बनाउन आवश्यक नीति निर्माण गरिनेछ ।

२७) सरकारी र सार्वजनिक नयाँ पूर्वाधारको निर्माण गर्दा स्थानीय पहिचान झल्किने र पर्यटकका लागि आकर्षक बन्न सक्ने परम्परागत संस्कृतिलाई कलात्मक रुपमा सौन्दर्यकरण गरिनेछ ।

२८) होमस्टे पर्यटन, ग्रामीण पर्यटन, पर्यापर्यटन जस्ता समुदायमा आधारित पर्यटन व्यवसाय सञ्चालन गरिरहेका उद्यमीहरुका लागि आधारभूत विदेशी भाषा तालिम , सरसफाई र सुरक्षा सम्बन्धी जनचेतनामूलक अभिमुखीकरण तालिम प्रदान गरी होमस्टे सेवालाई स्तरोन्नतीका लागि आवश्यक सहयोग गरिनेछ ।

२९) एभोकाडो, ड्रागनफ्रुट लगायतका बजारमा अत्याधिक माग भएका फलफूल खेती गर्नका लागि कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

३०) संघ र स्थानीय तहसँग समन्वय गरी जमीनमा बाह्रै महिना सिंचाई सुविधा पुर्‍याउने पहल गरिनेछ ।

३१) प्रत्येक घरमा विजुली, प्रत्येक घरमा पक्की छाना भन्ने नाराका साथ गरिब तथा विपन्न परिवारका लागि सुरक्षित आवासको व्यवस्था गरिनेछ ।

३२) बागमती प्रदेश भित्र रहेका विभिन्न क्षेत्रका विशिष्ट प्रतिभाहरुको खोजी गरी उनीहरुलाई संरक्षण गर्दै प्रतिभाको यथोचित कदर गर्ने वातावरण मिलाइनेछ ।

३३) आम नागरिकलाई बोझ नहुनेगरी कर र गैह्रकरको दायरा फराकिलो बनाई राजश्व अभिवृद्धि  गर्ने कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

३४) प्रदेश सरकार र स्थानीय तहबीच समन्वय र सहकार्य गरी समग्र प्रदेशको संमृद्धिको लागि प्रदेश समन्वय परिषदलाई क्रियाशील बनाइनेछ ।

३५)  विदेशी ऋृण तथा अनुदान र संघीय सरकारले चलाइरहेको कृषि उद्योग लगायत आर्थिक गतिविधिसँग जोडिएका साना आयोजनाहरु प्रदेश सरकार मातहत ल्याउन संघीय सरकारसँग पहल गरिनेछ ।

३६)  बाँझो जग्गा उपयोग गरी उत्पादन र रोजगारी वृद्धि गर्न स्थानीय तहसँग सहकार्य गरी भूमि बैंक स्थापना गरिनेछ ।

३७) "जनताको जिज्ञासा , सुझाव र गुनासा प्रदेश सरकारलाई सिधा फोन" कार्यक्रम गर्न मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा एक छुट्टै कक्ष स्थापना गरिनेछ ।

३८) एकघर एक धारा कार्यक्रमलाई पूरा गर्न आवश्यक प्रवन्ध गरिनेछ ।

३९) कृषि क्षेत्रको प्रवर्द्धन र विकासका लागि कृषि उत्पादनलाई वृद्धि र औद्योगीकरण गर्नका लागि एकजिल्ला एक उत्पादन पकेट क्षेत्र  घोषणा गर्ने र युवा लक्षित स्टार्टअप कार्यक्रम सञ्चालन गरिनेछ ।

४०) प्रदेश सरकारले सम्पन्न गरेका भौतिक पूर्वाधार निर्माणको दीगोपना तथा संरक्षणका लागि मर्मत सम्भार कोष खडागरी नियमित मर्मत सम्भारका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

४१) प्रदेश सरकारले शुरु गरेका र हाल अधुरा रहेका आयोजनाहरु यथाशिघ्र सम्पन्न  गराइनेछ ।

४२) बहुवर्षीय योजनाहरुको समीक्षा गरी औचित्य र आवश्यकताका आधारमा निरन्तरता दिइनेछ र हरेक प्रदेश निर्वाचन क्षेत्रमा कम्तिमा एउटा बहुवर्षीय योजना सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४३) प्रदेश सरकारद्वारा विगत वर्षहरुमा विनियोजित तथा सम्पन्न भएका प्रदेश गौरवका योजनाहरु - हिलस्टेसनहरु, टावरहरु, पर्यटकीय पार्कहरु, चिस्यान केन्द्रहरु- जस्ता योजनाहरुको वस्तुगत अवस्था अध्ययन गरी स्थानीय तह तथा साझेदार निकायसँग समन्वय गरी यसै आ.व.मा सञ्चालनको व्यवस्था मिलाइनेछ ।

४४) परम्परागत सीप र रैथाने वाली संरक्षणको लागि विशेष योजना बनाई कार्यान्वयन गरिनेछ ।

४५) दलित, जनजाती तथा सीमान्तकृत समुदायको पहिचानगरी उनीहरुलाई आयआर्जन तथा जीविकोपार्जनसँग जोड्न ठोस कार्यक्रमहरु लागु गरिनेछ ।

४६) प्रदेश भाषाको रुपमा मान्यता प्राप्त तामाङ भाषा र नेपाल भाषालाई सरकारी कार्यालयहरुमा तत्काल कार्यान्वयनमा ल्याउन आवश्यक प्रवन्ध मिलाइनेछ ।

४७) मुटु, मृगौला र अर्वुद रोगको उपचारार्थ प्रदेश सरकारबाट प्रत्येक बिरामीलाई रु १ लाख स्वास्थोपचार सहयोग प्रदान गरिनेछ ।

४८) स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन र विमितहरुलाई सुलभ स्वास्थ्य पँहुच पुऱ्याउनको लागि संघ र स्थानीय तहसँग आवश्यक सहजीकरण गरिनेछ । साथै स्वास्थ्य बिमामार्फत औषधोपचारको सहज पँहुचका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

४९) प्रदेश भित्रको सबै जग्गाको पुनः नापी गर्ने र बैज्ञानिक अभिलेखीकरण गर्ने प्रवन्ध मिलाइनेछ ।

५०) हरेक प्रादेशिक अस्पतालहरुमा अनलाइन टिकेटिङको व्यवस्था मिलाइनेछ ।

५१) सबै प्रादेशिक अस्पतालहरुमा सेवा प्रवाहलाई व्यवस्थित गर्न डिजिटल प्रविधिको आवश्यक व्यवस्था मिलाइनेछ ।

५२) बागमती प्रदेश भित्रका दुर्गम वस्तीहरुमा घुम्ती स्वास्थ्य शिविरहरु सञ्चालन गरी आम नागरिकहरुलाई स्वास्थोपचारको सहज पँहुच उपलब्ध गराइनेछ ।

५३) काठमाण्डौं उपत्यकामा वातावरण संरक्षण र फोहोर मैला व्यवस्थापनको उचित प्रवन्धका लागि स्थानीय तह तथा निजी क्षेत्रसँगको समन्वय तथा सहकार्यमा आवश्यक कार्यक्रम लागु गरिनेछ ।

५४) पिउनेपानीको उचित प्रवन्ध, जलबिहार पर्यटन तथा हरियाली प्रवर्द्धनका लागि जल पुनःभरणका लागि काठमाण्डौं उपत्यका भित्रका काँठ क्षेत्रहरुमा सम्भाव्यता अध्ययन गरी मानव निर्मित जलासयहरु निर्माण गरिनेछ ।

५५) काठ लगायतका वन तथा अन्य पैदावारको उचित उपयोग गरी काष्ठ आयातको प्रतिस्थापन गर्न सिजनिङ तथा ट्रिटमेन्ट प्लान्ट स्थापना गरी नेपालको वन नेपालीको धनको रुपमा विकास गरिनेछ ।

५६) एक सामुदायिक वन एक उद्यम नीति अबलम्वन गरी स्थानीय तहमा रोजगारी सिर्जना गरिनेछ ।

५७) वनक्षेत्रको अतिक्रमणलाई कडाइका साथ रोकिनेछ ।

५८) सवारी चालक अनुमति पत्र(स्मार्ट लाइसेन्स) को यथाशिघ्र व्यवस्था मिलाइनेछ ।

५९) सबै सरकारी कार्यालयहरुमा विद्युतीय सवारीसाधनको प्रयोगलाई प्राथमिकता दिइनेछ । साथै विद्युतीय सवारीको आयात नीतिलाई सरलीकरण गरी सबै आयातकर्ताहरुका लागि खुला गरिनेछ ।

६०) स्वदेशमै विद्युतीय सवारी साधनको उत्पादनलाई प्राथमिकता दिइनेछ ।

६१) लगानी बोर्ड स्थापनाको प्रक्रिया यथाशिघ्र पूरा गरिनेछ ।

६२) विशेष आर्थिक क्षेत्र घोषणा गरी लगानी मैत्री वातावरण निर्माण गर्दै रोजगारी प्रवर्द्धन गर्न विशेष कार्ययोजना सञ्चालन गरिनेछ ।

६३) काठमाण्डौं उपत्यका लगायत प्रदेश भित्रको मौलिक संस्कृति, परम्परा, भाषा र ऐतिहासिक सम्पदाहरुको संरक्षण तथा प्रवर्द्धनका लागि विशेष योजना बनाई लागू गरिनेछ ।

६४) काठमाण्डौं उपत्यका वरिपरि बाह्य चक्रपथ निर्माणका लागि संघीय सरकारको समन्वयमा योजना बनाई अघि बढिनेछ ।

६५) काठमाण्डौं उपत्यका भित्र यातायातको सुगमताका लागि मोनोरेल, स्काइपोड लगायतका साधनको व्यवस्थाका लागि विशेष पहल गरिनेछ ।

६६) सहकारी क्षेत्रमा देखिएका चर्को समस्यालाई दृष्टिगत गरी प्रदेश सरकारद्वारा गठित सहकारी समस्या समाधान सहजीकरण समितिमार्फत सहकारी क्षेत्रमा जनताले भोग्नुपरिरहेका ज्वलन्त समस्याहरुको पहिचान गरी समाधान गर्न विशेष पहल गरिनेछ ।

६७) खेलकूद क्षेत्रको बृहत्तर विकासमार्फत युवा तथा सम्पूर्ण उमेर समूहका व्यक्तिहरुको शारीरिक र मानसिक विकासका लागि एक निर्वाचन क्षेत्र एक खेलमैदान/ओपन जिम सेन्टर निर्माण अभियानलाई तिव्रता दिइनेछ ।